# झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

०७ असार, २०८२

झिमरुक गाउँपालिकाको गाउँ सभामा पेस भएको नीति, कार्यक्रम तथा बजेटको सम्बन्धमा झिमरुक गाउँपालिकाका अध्यक्ष एवं स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक श्री पित बहादुर महतराज्यूबाट गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

**गाउँ सभाका उपाध्यक्षज्यू ,**

**सम्पूर्ण गाउँ सभाका सदस्यज्यूहरु,**

**सभाका सचिवज्यू एवम् सबै कर्मचारीहरु,**

**संचारकर्मी तथा पत्रकारज्यूहरु,**

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरु,

झिमरुक गाउँपालिकाको सभा अध्यक्षको हैसियतमा आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित ठानेको छु। यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना, नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवं जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पूर्याउनु हुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।

हामीसँग रहेको सीमित श्रोत साधनको अधिकतम् सदुपयोग गरी समृद्ध गाउँपालिका बनाउने अवसर र चुनौती रहेको छ । जनताप्रति उत्तरदायी स्थानीय सरकार र जनप्रशासनबाट मात्रै गाउँपालिकाले लिएका नीति र लक्ष्यहरु छिटोछरितो रुपमा पुरा गर्न सकिन्छ भने जागरुक, सृजनशिल, स्वस्थ र चेतनशिल जनसमुदायको पहल कदमिबाट मात्र यस गाउँपालिकाको समृद्धि हासिल हुन सक्दछ ।

विकासका सम्भाव्य अवसरहरुलाई सामाजिक न्याय, क्षेत्रीय सन्तुलनका साथसाथै साधन श्रोतको वास्तविक रुपमा कार्यान्वयन गर्न आवश्यकताका आधारमा योजनाहरुको प्राथमिकीकरण गरी सन्तुलित विकासका निम्ति निर्दिष्ट नीतिहरु अवलम्वन गरी आर्थिक वर्ष २०८२/८३ को गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरीएको वेहोरा गरीमामय सभा समक्ष निवेदन गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

आवश्यकता प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सीमितताका विचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले राजनीतिक तथा सामाजिक व्याक्तित्वहरु समेतले दिएको सुझावहरुलाई समेटेर यो नीति, कार्यक्रम तथा बजेट ल्याइएको छ । सोही उद्देश्य पुरा गर्न देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरिएको छ ।

१. नेपालको संविधानमा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारहरुको सूचि ,
२. संविधानमा उल्लिखित राज्यको उदेश्य ,नीतिहरु तथा मौलिक हकहरु,
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा उद्देश्य,
४. संघीय तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
५. संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
६. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
७. संघीय सरकारका क्षेत्रगत नीति, रणनीति योजना तथा अध्ययन प्रतिवेदनहरु,
८. समपुरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धि कार्यविधि
९. विकासका समसामयिक मुद्धाहरु (दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा ,लैङ्गिकक सशक्तिकरण, पूर्ण सरसफाई, पूर्ण खोप, फोहोर मैला व्यवस्थापन जस्ता विषयहरु,
१०. स्थानीय तहको प्रमुख समस्या र सम्भावना तथा अन्य आवश्यक देखिएका अन्य विषयहरु

**सभाका सदस्यज्यूहरु ,**

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानुनी राज्यको मूल्य मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिनेछ ।

गाउँपालिकाको आवश्यकता परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पर्यटन, उद्योग, खानेपानी जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

संघीय सरकार, प्रदेश सरकार, तथा झिमरुक गाउँपालिका बिच सहकार्य समन्वय तथा सहअस्तित्वका आधारमा समपुरक तथा विशेष योजनाहरु सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिई बजेटको सुनिश्चितता गरिनेछ ।

अन्तरपालिका वीच सहकार्य गरी विकासका कार्यहरु अगाडि बढाई पालिका वीचको अन्तरसम्बन्धलाई अझ मजबुत वनाइने निति अंगिकार गरिने छ ।

दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरी लक्ष्य पुरा गर्नका लागि क्षेत्रहरुको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ

**"हाम्रो झिमरुक राम्रो झिमरुक"** भन्ने मूल ध्येय लिई समग्र झिमरुकको आर्थिक सामाजिक विकासको लागि आ.व. २०८२/८३ मा बजेट विनियोजन गरिनेछ । यस झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी वनाउन र सम्पूर्ण जनताको पहूँच पूर्याउनका लागि हाम्रो विकास नीति समतामूलक हुनेछ । विकासलाई पहुँचका आधारमा नभई आवश्यकताको आधारमा अगाडि वढाइने छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## भौतिक पूर्वाधार, सडक,पुल,आवास र उर्जा

१. वाग्दुला-मच्छी भिमगिठे सडकको कारण वर्सौदेखी अलपत्र परेको वाग्दुला मच्छी ढाँडा सडक यसै वर्ष २०८१/८२ को बजेटमा समावेश गरी गाउँपालिकाको पहल र सभाको निर्णय समेतको आधारमा रु ५ करोडको ठेक्का लगाई निर्माण कार्य भईरहेको छ भने आगामि आ.व देखि वहुवर्षिय ठेक्कालगाई कालोपत्रे गर्ने गरि गाउँपालिका,प्रदेश र संघको साझेदारी बजेटवाट निर्माण कार्य अघि बढाउन आवश्यक बजेटको व्यवस्था सुनिश्चित गरिसकिएको छ ।

२. वडा केन्द्रसँग जोडिएका ८ वटै वडाका सडकहरुको स्तरउन्नती गरिनेछ। अधुरो अवस्थामा रहेका सबै आयोजनाहरुलाई बजेटको सुनिश्चितता गर्दै कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिइनेछ ।

३. योजना बैंकमा आधारीत रही योजना सञ्चालन गरिनेछ । पर्यटकीय स्थलहरुको पूर्वाधारहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारका लागि खरको छानो विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. प्राथमिकताको आधारमा छनोट भई निर्माण भईरहेको चिसावाङ्ग झो.पुको कार्य यस वर्ष निर्माण सम्पन्न भईसकेको छ ।आगामी वर्ष ढाडा पिडाल्ने, वासाखोला झोलुङ्गे पुल र मच्छी बजार झो.पुको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

६. गाउँपालिका भित्रका मुख्य-मुख्य आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिनेछ ।गाउँपालिकाको आवधिक योजना निर्माण तथा जग्गा वर्गीकरण कार्यलाई आ. व २०८२/८३ वर्षमा सम्पन्न गरिनेछ।

७. विभिन्न क्षेत्रबाट लागत साझेदारीका रुपमा सँञ्चालन गर्नु पर्ने आयोजना तथा कार्क्रमहरु सञ्चालनका लागि आवश्यक (म्याचिङ्ग फण्ड) बजेटको व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाभित्र रहेका बजार क्षेत्र तथा मुख्य मुख्य सडकसँग जोडिएर बन्ने भवनहरूको लागि नक्सा पासलाई अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ । मोटरबाटोहरुको किनारामा बनाईने जुनसुकै प्रकारका पक्की संरचनाहरु निर्धारित मापदण्डभित्र रही वनाउनु पर्ने नीतिलाई कडाईकासाथ लागु गरिनेछ । झिमरुक,गर्तङ र हुँगाड नदीको आसपासमा पक्की संरचना वनाउँदा मापदण्ड तोकिने छ ।

९. संघीय समपुरक साझेदारीमा निर्माण कार्य भईरहेको झिमरुक रिङ्ग रोड स्तरोउन्नति र प्रदेश समपुरक वाट सञ्चालन भईरहेको नव्वे भेडावारी नारीकोट मो.बा. र वालुवा वडाचौर चिफ्लेटी काउले फेदी मो.वा निर्माण निर्माण सम्पन्न हुने अवस्थामा छ ।

१०. पालिका र प्रत्येक वडामा १/१ गौरवका आयोजना छनौट गरी कार्यान्वयन गरिने छ ।

११. गाउँपालिकाभित्र रहेका विभिन्न जीर्ण खानेपानी, शौचालय तथा सिचाई कुलो मर्मत कार्य अगाडि वढाईने छ ।

१२. ढाँड,पिडाल्ने स्यालपाखा झिमरुक जलविद्युत आयोजना निर्माणको लागि गाउँपालिकावाट आवश्यक पहल गरिनेछ ।

१३. निर्माण हुने विकासका पूर्वाधारहरुको गुणस्तरीयता कायम गर्नका लागि ईन्जिनियरिङ्ग सर्भे उपकरण तथा गुणस्तर परीक्षण उपकरणको व्यवस्था मिलाइनेछ ।

## सञ्चार तथा सुचना प्रविधि

१४. यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहजरुपमा ईन्टरनेटको सुविधा पुर्‍याउन यसै वर्ष सूचना तथा सञ्चार मन्त्रालय को सहयोगमा 4G सेवा सञ्चालनमा आएको छ । गाउँपालिका अन्तरगतका सरकारी निकायहरुमा जडान गरिएको ईन्टरनेटको क्षमता वृद्धि गरिने छ ।

१५. गाउँपालिका तथा इन्टरनेट पहुँच पुगेका वडा कार्यालयमा अनलाइन राजश्व प्रणाली सुरुवात गरिएको छ । राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारिहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानी गरिनेछ

## उर्जा

१६. वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग समन्वय गरी सौर्य सडक बत्ती जडान गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म सामाजिक विकासतर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## स्वास्थ्य तथा पोषण

१७. ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई निःशुल्क आँखा उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८२/८३ मा पनि सो सुविधा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१८. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरीएका अत्यावश्यक औषधी खरिदका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

१७.क्यान्सर,मुटु,मृगौला लगायतका विपन्न नागरिक औषधी उपचार वापत दिर्घरोगीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।

१९. स्वास्थ्य संस्थाको पहूचवाट टाढा रहेको वडा नं ७ को कुतामा रहेको सामुदायिक स्वास्थ्य एकाई भवन निर्माणको कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईने छ । स्वास्थ्य सेवाको पहूँच गाउँवस्तीस्तरसम्म पूर्याउन खोप क्लिनिक र गाउँघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै भौतिक पूर्वाधार थप गर्दै लगिने छ।

२०. गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच गाउँवस्तिस्तरसम्म पुर्याउन गुणस्तरीय स्वास्थ्य सेवा प्रदानको लागि मातृ तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य,पोषण स्वास्थ्य, परिवार योजना लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरूको तर्जुमा गरिनेछ ।

२१. प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात सुविधामा थप रकम उपलब्ध गराउने व्यवस्था लाई निरन्तरता दिईने छ र सो सुविधा लिदा वच्चाको जन्मदर्तालाई अनिवार्य पेस गर्नु पर्ने छ । समुदायस्तरमा घरमा सुत्केरी हुँदा हुने जोखिमका बारे सचेतिकरण गर्ने नीति अवलम्वन गरिने छ।

२२. झिमरुक गाउँपालिकाका नागरिकहरुलाई सुलभ स्वास्थ्य सेवा उपलव्ध गराउन ओखरकोट स्वास्थ्य चौकीलाई स्तरोउन्नती गरी १५ शैयाको अस्पतालको भवन निर्माणकार्य भईरहेको छ । निर्माण सम्पन्न पश्चात सञ्चालनमा ल्याईने छ ।

२३. यस गाउँपालिकामा रहेको नागरिक आरोग्य सेवा केन्द्रबाट प्रदान गरिने आर्युर्वेदिक स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन औषधी उपकरणको व्यवस्था मिलाईने छ

२४. गाउँपालिकाभित्र रहेका एच.आई.भि संक्रमितहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउने र एच. आई.भि तथा एड्स सम्बन्धि सचेतना तथा लान्छना र विभेद न्युनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रमका लागि बजेटको आवश्यक प्रवन्ध मिलाईने छ।

२५. झिमरुक गाउँपालिकाभित्र रहेका असहाय अशक्त गरीब तथा विपन्न वर्गको लागि निशुल्क स्वास्थ्य विमा गरिने कार्यलाई प्राथमिकतामा राखि निरन्तरता दिईने छ । महिला सामुदायिक स्वास्थ्य स्वयंमसेवीकाहरुले गरेको कार्यको उच्च मुल्याङ्कन गर्दै प्रोत्साहन रकमलाई निरन्तरता दिईने छ ।

२६. वहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र बच्चालाई केन्द्र विन्दुमा राखेर पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।साथै महिला बालवालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था हटाउन ठोस कार्यक्रम वनाईने छ ।

२७. स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवामा प्रयोगशाला सेवा विस्तार गर्न आवश्यक प्रयोगशाला सामाग्रीको व्यवस्थापन गरी सञ्चालनमा ल्याईने छ।

२८. झिमरुक गाँउपालिका र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय GIZ को द्बिपक्षीय सहयोगमा सामाजिक स्वास्थय सुरक्षा, स्वास्थ्य क्षेत्र सुसासन तथा व्यवस्थापन, डिजिटल स्वास्थ्य, स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि संस्थागत क्षमता विकास परियोजना सञ्चालन भईरहेको छ ।उक्त परियोजना संग सहकार्य गर्दै थप कार्यक्रम कार्यान्वयनका लागि बजेटको सुनिश्चता गरिने छ ।

२९. लैगिक हिंसा न्यूनीकरण,जलवायु परिवर्तन, प्रजनन् स्वास्थ्य र अधिकार क्षेत्रमा सुधार गर्न IPAS नेपाल सँग सहकार्य गरी साझेदारीमा कार्यक्रम वनाईने छ ।

## शिक्षा, युवा तथा खेलकुद

३०. सबै विद्यालहरुको भौतिक पूर्वाधारमा सुधार गर्न आवश्यकता र औचित्यताका आधारमा नयाँ बालमैत्री,अपाङ्गमैत्री एवं लैंगिकमैत्री विद्यालय भवन र शौचालयहरु निर्माण गरिने कार्यलाई निरन्तरता दिइनेछ। यसै आ.व.मा ३ वटा ४ कोठे विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न हुदैछ ।साथै पुराना विद्यालय भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ।

३१. सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षकहरुको पेसागत विकास तथा विद्यार्थी उत्प्रेरणाका कार्यक्रमहरु ल्याइनेछ।

३२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई यस शैक्षिक सत्रसम्म कक्षा ५ सम्म लागु गरिएकोमा यसलाई क्रमशः आगामी शैक्षिक सत्रदेखि कक्षा ६-८ सम्म कार्यान्वियनमा लैजान आवश्यक पर्ने पाठ्यपुस्तक तथा अन्य शैक्षिक समाग्रीहरुको व्यवस्थापन गरिनेछ।

३३. सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक दरबन्दीको असमान वितरणलाई व्यवस्थित गर्न विद्यालय शिक्षक,कर्मचारीहरुको दरबन्दी मिलान कार्यलाई अध्यावधिक गर्दै लगिने छ ।

३४. सवै विद्यालयहरुलाई प्रविधिमैत्री वनाउन प्रयाप्त बजेटको व्यवस्था मिलाईएको छ । विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच अभिवृद्धि गरी यसलाई शैक्षिक गुणस्तर अभिवृद्धिको अभिन्न अंग बनाइनेछ।

३५. खेल क्षेत्रको विकास र विस्तारका लागि खेलकुद संरचना निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ।यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न योग्य युवा खेलाडी तयार हुने तथा खेलको माध्यमबाट झिमरुकको गरिमा बढ्ने अपेक्षा गरिएको छ।

३६. विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको संस्थागत क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७. शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक अनुदान रकम दिने व्यवस्थालाई आवश्यकता र औचित्यका आधारमा निरन्तता दिइने छ।गौमुखी बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई निशुल्क अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था हुदै आएकोमा विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदान,अन्य आन्तरिक स्रोत,निरन्तर अध्ययनरत विद्यार्थी संख्या र परिक्षामा सहभागी विद्यार्थी संख्यालाई आधारमानी आवश्यकता अनुसार अनुदान रकमलाई निरन्तरता दिईने छ।

३८. उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी,शिक्षक तथा विद्यालयहरुलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३९. समुदायमा रहेका अभिभावक विहिन, विपन्न,असाह्यय बालवालिकाहरुको पहिचान र संरक्षण तथा निशुल्क शिक्षाको व्यवस्था मिलाईने छ । विपन्न वर्गका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ती सहयोगमा प्राविधिक शिक्षा अध्ययनको व्यवस्थालाई निरन्तरता दिइने छ।

४०. विद्यालयमा जङ्गफुटको प्रयोगलाई निषेध गरिने छ ।

४१. प्रत्येक विद्यालयमा फलफुल सहितको करेसावारी बनाउने व्यवस्था मिलाईने छ ।

## खानेपानी तथा सरसफाई

४२. विद्युतद्धारा सञ्चालनमा आएका लिफ्ट खानेपानी आयोजनाहरुको विद्युतीय महसुलको ५० प्रतिशत रकम गाउँपालिकावाट अनुदान वापत उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाईकोमा यस कार्यलाई निरन्तरता दिईने छ ।
४३. दिगो विकास लक्ष्यलाई अनुसरण गर्नको लागि वास प्लानमा रहेका सूचकलाई आत्मसाथ गर्दै योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । वास प्लानलाइ अध्यावधिक गरीदै लगिने छ। प्रत्येक घरपरिवारलाई सुरक्षित खानेपानी प्रयोगको लागि १ घर १ धाराको निर्माण गरिने छ । विद्यालय तथा सामुदायिक संस्थामा सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । सरसफाइको लागि समुदाय स्तरमा अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
४४. खानेपानीको गुणस्तर परीक्षण गर्नका लागि गाउँपालिकाले समुदाय स्तरसम्म पानी परीक्षण गर्ने व्यवस्था मिलाउने छ ।खानेपानी आयोजनाहरुमा सुरक्षित खानेपानी अभियान सञ्चालन गरिनेछ। खानेपानी योजनाहरुको दिगो विकास र नियमित मर्मत संभारको लागि दक्ष जनशक्ति उत्पादन सम्बन्धि तालिम सञ्चालन गरिनेछ ।
४५. खानेपानी आयोजनाहरुको जलस्रोत तथा मुहान दर्ता कार्यलाई निरन्तरता दिइने छ र खानेपानी आयोजनाहरुको मर्मत संभार गरी उपभोक्ताहरुलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराईनेछ।

## पञ्जीकरण सेवा एकाईतर्फ

४६. वडा सचिव र सम्बन्धित कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि अभिमुखीकरण तालिमको व्यवस्था मिलाईने छ । बैकहरुसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बस्ति स्तरबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
४७. पन्जीकरणसँग सम्बन्धित समस्या तथा कठिनाईहरुलाई सहजीकरण गर्न राष्टिय परिचयपत्र तथा पन्जिकरण विभागसँग समन्वय गर्ने व्यवस्था मिलाईने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सांस्कृतिक प्रवर्द्धन

४८. "झिमरुकको शान, लक्षित वर्गको सशक्तिकरण तथा सम्मान" को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका गर्न सम्मान कार्यक्रम,क्षमता विकास कार्यक्रम, चेतनामूलक कार्यक्रम, आयमूलक एवं रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरी सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
४९. मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका वर्ग र समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणको लागि लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिप तथा क्षमता विकास तालिम सञ्चालन गरी गाउँपालिका भित्र रोजगारी श्रृजना गर्ने तर्फ प्राथमिकताका साथ कार्य योजना बनाईने छ ।
५०. ४५ वर्ष माथिका एकल महिलालाई मासिक भत्ताको व्यवस्था कार्यक्रमलाई निरन्तरता दिईने छ ।ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न पालिकाबाट ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।ज्येष्ठ नागरिकको संरक्षण गर्न ज्येष्ठ नागरिक कल्याणकोषलाई व्यवस्थित गरिनेछ ।
५१. बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणवाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्याक्तिहरुको कार्यक्षमताको आधारमा सम्मान र सहयोग गरिनेछ ।
५२. महिला हिंसा, जातीय भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई न्यूनीकरण गरी सामाजिक सद्भाव कायम गर्न लैगिक समानताको लागि शसक्तीकरणमा जोड दिईने छ ।

५३. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ ।लैङ्गिक बजेट तर्जुमा तथा लैङ्गिक बजेट परीक्षणको नीति अबलम्वन गरिनेछ ।साथै लैङ्गिक समानता सामाजिक समावेशीकरण प्रवलीकरणको नीति अबलम्वन गरिने छ ।

५४. बालविवाह, बालश्रम, घरेलु हिंसा, लैगिक हिंसा न्यूनिकरणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ ।लैंगिक हिंसा निवारण कोषलाई व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ

५५. झिमरुक गाउँपालिकाभित्र रहेका कोट घर तथा देवस्थलहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गरी प्रचार प्रसारमा जोड दिइनेछ र मागको आधारमा पुजाआजा खर्चको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

५६. विभिन्न पर्वहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहासिक महत्वको उजागर गर्दै यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

५७. स्थानीय मौलिक एवं प्राचीन वास्तुकला प्रवर्द्धन गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी सुरक्षित घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।गाउँपालिकाभित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभुषा समेट्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म आर्थिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## कृषि तथा पशुपन्छी विकास

५८. औद्योगीक प्रयोजनका लागि ब्यावसायिक आलु उत्पादनलाई प्राथमिकता आधारमा अगाडि बढाइनेछ ।मकैको उत्पादन तथा उत्पादनकत्व बढाउनका लागि मकै प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५९. कृषि,पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधीक कार्यक्रमबाट झिमरुक गाउँपालिकाका कृषकहरुको तथ्यांक संकलन कार्यलाई अगाडि बढाईनेछ ।माटोको गुणस्तर मापन गर्न प्रत्येक वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरी माटो सुधारका लागि कृषि चुनको वितरण गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

६०. बाली बिरुवामा माहामारीको रुपमा देखा पर्ने रोग तथा किराको प्रकोपलाई नियन्त्रणका लागि निशुल्क रुपमा रासायनिक विषादी वितरणको व्यवस्था मिलाईनेछ ।

६१. सुन्तला पकेट विस्तार कार्यक्रमलाई प्राथमिकतामा राखी सुन्तलाजात फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउन जोड दिईनेछ। आ.व. २०८१/२०८२ मा सञ्चालन भएको सुन्तलाजात पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६२. कृषि तथा पशुपन्छीको बिमा गर्दा विमाङ्क रकममा ५० प्रतिशत रकम कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराईनेछ। कृषकवाट उत्पादित कृषिजन्य उपजलाई बिक्री वितरणका लागि जग्गा भाडामा लिई कृषि हाटबजार सञ्चालन प्रकृयालाई अगाडी बढाईनेछ।

६३. वडा नं. ५ मा रहेको चिस्यान केन्द्रमा आवश्यक मेशीन उपकरण तथा अन्य आवश्यक पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।कृषिमा व्यवसायिकतालाई प्रोत्साहन गरिने छ । कृषि उपजको बजारीकरणको लागि आवश्यक सहजीकरण गर्ने नीति लिइने छ । स्थानीय रैथाने बालीहरुको संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६४. उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रविधिको अधिकतम प्रयोग, माटोको गुणस्तर कायम, पर्याप्त मलखाद, सिंचाईको उपलब्धता तथा उन्नत विउ विजनको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

६५. वडा अनुसार कृषि पकेट क्षेत्र तोक्ने कार्यलाई प्राथमिकताका साथ अगाडि वढाईने छ । कृषी बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आयस्तर बढाउनका लागि वेसार,कोदो,फापर,आलु र भट्टमास

बाली प्रवद्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ। खाद्यान्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि उन्नत बिउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदानमा खाद्यान्न बालीको बिउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

६६. अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी कृषक पेन्सन कार्यक्रमलाई अगाडी बढाईनेछ। वडा तथा पालिका स्तरीय कृषक सञ्जाल गठन गरिनेछ।

६७. कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। कृषकहरुले उत्पादन गरेको कोदो, फापर, आलु, भटमास र हलेदोलाई कुनैपनि संघ संस्था मार्फत खरिद बिक्री गर्ने व्यवस्था मिलाईनेछ।

६८. कृषकहरुलाई योगदानमा आधारीत पेन्सन तथा कृषि उपज वस्तुमा उत्पादनको आधारमा अनुदान दिने आवश्यक व्यवस्था मिलाईने छ ।

६९. झिमरुक नदीमा माछाका भुरा छोड्ने र वेमौसमी समयमा माछा मार्न रोक लगाईने छ ।

## लघुउद्यम विकास कार्यक्रम

७०. लघु तथा घरेलु उद्यमीहरुलाई सम्भव भएसम्म समूहमा आबद्ध गरी उद्यमशिलता तथा सीप विकास तालिम उपयुक्त प्रविधिको छनोट उत्पादन व्यवस्थापन पूँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुर्याउने नीति लिइनेछ ।

७१. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न सिप विकास तालिम, व्यवसायी प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिनेछ । लघु उद्यम विकास कार्यक्रमलाई अपुग बजेटको आवश्यक व्यवस्था मिलाईने छ ।

७२. जुत्ता,चप्पल उत्पादन,बास प्रशोधन, चोयाँचित्रा उद्योग उद्यमशिलता प्रर्वदन कार्यक्रम र सावुन र सरफ बनाउने जस्ता नयाँ घरेलु उद्योगहरु सञ्चालन गर्ने नीति अंगिकार गरिएको छ ।

७३. उद्यमशिल तालिम प्राप्त गरेका उद्यमिहरुलाई प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

## सहकारी

७४. कृषि उत्पादन भण्डारण प्रशोधन तथा बजारीकरण र कृषि सामाग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संलग्नतालाई प्रोत्साहन गरिने छ ।

७५. झिमरुक गाउँपालिकाको सहकारी नीतिमा आवश्यक अध्ययन गरी परिमार्जन गर्दै लगिनेछ। झिमरुक गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई व्यवस्थित रुपले सहजीकरण गर्न सहकारी सञ्जाल गठन भईसकेकोले सो को माध्याम वाट सहकारी गतिविधि अगाढी वाढाईने छ ।

७६. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन, प्रवर्द्धन गर्दै सहकारी संस्थाहरुमा सुशासन कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ। सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै बचत कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

७७. सहकारीका पदाधिकारी व्यवस्थापक र कर्मचारीहरुको गुणस्तर तथा क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुमा कोपोमिस प्रणाली अनिवार्य रुपमा प्रयोगमा ल्याउन, लेखा व्यवस्थापन चुस्त बनाउन, सहकारी क्षेत्रमा नेतृत्व र वित्तीय विश्लेषण क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमको व्यवस्था मिलाइने छ।

७८. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

७९. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा नवीकरणकार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

## पर्यटन

८०. गाउँपालिकाभित्र रहेका ऐतिहासिक धार्मिक सांस्कृतिक तथा भौगोलिक महत्वका पर्यटकीय स्थलहरुको बिकास संरक्षण संवर्द्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटनलाई प्रर्वद्धन गरिनेछ विभिन्न जातजातिको धार्मिक, सांस्कृतिक पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८१. झिमरुक गाउँपालिकाको पर्यटन पवद्धर्न गर्न **झिमरुक पर्यटन गुरुयोजना** तयार गरिने छ ।सोको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

८२. गाउँपालिकाभित्रका महत्वपूर्ण पर्यटकीय क्षेत्रमा पर्यटकीय सूचनालाई विद्युतीय सूचनामा आवद्ध गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।प्रसिद्ध धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरु, गुफा र पुरातात्विक कोटहरू जस्ता महत्वपूर्ण स्थानहरुको पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

८३. पर्यटन क्षेत्रको उत्थानको लागि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न जोड दिईनेछ । ईस्नाथान पर्यटकिय पूर्वाधार निर्माण, ढाँड रक गार्डेन पूर्वाधार निर्माण कार्य अगाडि वढाईने छ । बाँदिकोट ओखरकोट कोटघर, जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरूको डि.पि.आर.मा उल्लेख भए वमोजिम निर्माणको कार्य प्रारम्भ गरिनेछ । एक वडा एक पर्यटन गन्तव्यको विशेष कार्यक्रम वनाईने छ ।

## रोजगारी

८४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। युवा लक्षित रोजगारका अवसरहरु सृजना गर्ने तर्फ पहल गरिनेछ। स्थानीय रोजगार रणनीति तर्जुमा गरी बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरहरुको खोजी गरिनेछ । श्रमलाई सिप र सिपलाई रोजगारसँग जोड्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८५. गाउँपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधारका आयोजनाहरुमा आवश्यक निर्माण सामग्री गाउँपालिकाको स्रोतबाट व्यवस्था गरी मानवीय जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमबाट परिचालन गर्ने गरी रोजगार कार्यक्रमसँग म्याचिङ्ग गर्ने कार्यक्रम कार्यान्वयनको नीति लिइने छ ।

८६. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगारहरुलाई ठोस कार्यविधि वनाएर गा.पा.का मुख्य सडकहरुमा सडक मर्मतकर्ता (लेन्थवर्कर) खटाउने व्यवस्था मिलाईने छ ।

८७. स्थानीयस्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । गाउँपालिकाभित्र निर्माण हुने आयोजनामा स्थानीय व्यक्तिलाई रोजगारमा प्राथमिकता दिइने प्रबन्ध मिलाईनेछ ।

८८. गाउँपालिकामा रोजगार बैंकको स्थापना गरी दक्ष, अदक्ष तथा शैक्षिक बेरोजगारीको वर्गीकृत तथ्यांक संकलन गरिनेछ । रोजगार बैंकमा समावेश भएका व्यक्तिहरुलाई गाउँपालिकाभित्र वा बाहिर रोजगारीको अवसरमा प्राथमिकता दिइनेछ। हरेक खालका श्रमको सम्मान गर्ने वातावरण निर्माण गरिनेछ साथै श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म वन, वातावरण, भूसंरक्षण तथा विपद् व्यवस्थापनतर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

८९. गाउँपालिकाभित्र रहेका सबै खालका वनलाई संरक्षण गर्ने नीति लिईनेछ ।डढेलो नियन्त्रणका लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीयस्तरमा सचेतना वृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ

९०. आफ्नो वनक्षेत्रमा डढेलो लाग्न नदिने सामुदायिक वन समिति र उपभोक्ताहरुलाई पुरस्कारको व्यवस्था मिलाईने छ ।व्याक्तिगत जग्गामा रहेका रुख कटान गर्न वन कार्यालयसँग समन्वय गरी मापदण्ड वनाईने छ ।

९१. जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकूल मौसममा आइपर्ने प्राकृतिक प्रकोपहरुको व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ। भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य रुपमा वायो इन्जिनियरिङ्ग गर्ने र बाटो निर्माण गरिसकेपछि बाटोको किनारामा घाँस तथा बृक्षारोपण गर्ने व्यवस्था मिलाईने छ।

९२. गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वन उपभोक्ता समितिलाई व्यवस्थित गर्ने तथा वन संरक्षण र विकासको सदुपयोगका लागि प्रभावकारी र पारदर्शी बनाउने नीति अवलम्बन गरिनेछ । सामुदायिक वनहरुको सञ्जाल बनाई सामुदायिक वनबाट हुने आम्दानीलाई आय आर्जन तथा गरिबी निवारणको क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।

९३. झिमरुक नदी र गर्तङ्गखोलाबाट नदीजन्य पदार्थ उत्खनन् कार्यको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) अनुसार तोकिएको मापदण्ड भित्र रही निकासी गर्न व्यवस्था मिलाईने छ । ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

९४. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण गरिनेछ ।विकासका सबै आयामहरुमा वातावरणीय चासोलाई मूल प्रवाहीकरण गरिनेछ ।फोहोरमैला व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउदै धार्मिक स्थल, सडक, बजार क्षेत्र, टोल वा अन्य सार्वजनिक स्थानमा फोहरमैला फाल्न पूर्णरुपले प्रतिबन्ध लगाईनेछ ।

९५. वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। वड़ा कार्यालय, प्रमुख टोलहरु तथा प्रहरी चौकीमा आपतकालीन उद्धार सामग्रीहरु भण्डारण तथा नियमित अध्यावधिक गरिनेछ।

९६. जनचेतनामूलक तथा सूचनामूलक कार्यकमहरु तयार गरी सूचना तथा सञ्चारका माध्यमहरुको प्रभावकारी उपयोग मार्फत सबैमा पँहुच हुने गरी विपद् सम्बन्धी जानकारी सचेतना र सिकाई समुदायस्तरसम्म अभिवृद्धि गरिनेछ ।विपद् पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनरुस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

९७. खोज, उद्धार तथा राहतका लागि आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ । सो केन्द्रको समयानुकूल स्तरोन्नती गर्ने नीति लिईने छ । साथै वडा तहसम्म आपतकालीन केन्द्र सञ्चालन गर्न आवश्यक उद्धार सामाग्रीको व्यवस्था गर्दै लगिने छ।विपद्जन्य घटनासँग जुद्धनको लागि गाउँपालिकास्तरमा विपद् प्रतिकार्य तथा कृत्रिम अभ्यास तालिम सञ्चालन गरिनेछ ।

९८. बाढिपहिरो, हावाहुरी, असिना, चटयाङ, आगोलागि जस्ता प्रकोप तथा विपद्लाई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ । राहत उद्धारको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।विपद जोखिम कार्यमा खटिने व्याक्तिलाई सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

९९. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा रकम अभाव हुन दिइने छैन। साथै उक्त कोषमा नगद र जिन्सी जम्मा गर्न चाहानु हुने व्यक्ति तथा संघ संस्थाहरुलाई प्रोत्साहन गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा

व्यवस्थापनमा स्वयंसेवक परिचालनका लागि समुदायस्तरमा संस्थागत व्यवस्था सुनिश्चित गरिनेछ । विपद् प्रभावित परिवारलाई राहात पुनःनिर्माण र पुनः स्थापनाको कार्यमा सहयोग गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

१००. बजार तथा नदी, खोलामा हुने फोहोरमैलाको न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । फोहोरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिनेछ। फोहोर संकलन कार्यलाई नियमन र जिम्मेवार बनाउन आवश्यक नीतिगत व्यवस्था गरी करको दायरामा समेटिनेछ ।

**भू तथा जलाधार संरक्षण, वातावरण संरक्षणः**

१०१. गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिनेछ ।जलाधार क्षेत्रको संरक्षणका लागि रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिइने छ। भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहानहरुको संरक्षण हुने तथा पहिरो र भूक्षयको जोखिम कम हुने गरी गरिनेछ ।
१०२. प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहिन गर्दै विस्तारै प्लाष्टिक मुक्त गाउँपालिका निर्माण गरिनेछ
१०३.जग्गाहरुको वर्गीकरण गर्ने कार्य र गाउँपालिकाको आवधीक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

**सभाका सदस्यज्यूहरु ,**

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धनः**

१०४.नागरिक वडापत्र, सोधपुछ कक्ष, नागरिक सहायता कक्ष, गुनासो सुन्ने अधिकारी को व्यवस्था गरी नागरिक गुनासो व्यवस्थापन गरिनेछ । सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहलाई सरल,सहज र जवाफदेही बनाईने छ।साथै झिमरुक गाउँपालिकाबाट हुने कामकारवाहीमा रहेका जोखिमहरुको पहिचान गरी व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ। जसले कामकारवाहीमा रहेका जोखिम कम गर्न टेवा पुग्ने छ ।
१०५. सार्वजनिक सेवा प्रवाह तथा योजना र कार्यक्रम लाई नतिजामूलक बनाउन कार्य सम्पादन सम्झौता गर्ने नीति अबलम्वन गरिने छ । गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख र वडा सचिवहरुसँग कार्यसम्पादन सम्झौता गरी कार्य सम्पादनलाई व्यवस्थित बनाईनेछ
१०६.घुम्तिसेवाहरुलाई प्राथमिकता दिई एकिकृत घुम्ती शिविर सञ्चालन गरी मानव स्वास्थ्य शिविर, पशु स्वास्थ्य शिविर, राजश्व संकलन, ज्येष्ठ नागरिक र अपाङ्गता परिचय पत्र वितरणका लागि बस्तिस्तरबाट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
१०७. वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनमा थप प्रभावकारी बनाउन यस सम्बन्धी विभिन्न कानुन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दस्तावेजहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस कार्यका लागि सरोकारवालाहरुसँग समन्वय गरी प्राविधिक सहायता लिईनेछ।
१०८.वडाहरुमा गठन भईसकेका टोल विकास समितिको क्षमता विकास गरिने छ र गठन गर्न बाँकी रहेका टोलविकास समिति गठन गरी जिम्मेवार वनाईने छ ।
१०९.आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र त्यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

११०.गैर सरकारी संघ / संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि गाउँपालिकावाट अनुमति लिनुपर्ने र गाउँपालिकाको नीति अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरी एकद्धार नीति अबलम्वन गरिनेछ ।

१११.झिमरुक-१ सौतामारे, पोखराछेडामा त्रि-जिल्ला सिमा स्तम्भ नामाकरण गरी प्यूठान, गुल्मी र अर्घाखाँचीको संयुक्त लगानीमा सीमा स्तम्भ निर्माण गरिने छ ।

११२. अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहकार्य सहयोग परिचालन गरिनेछ ।स्थानीय तहहरुविच प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन जस्ता विषयहरुमा सहकार्य र समन्वय गरिनेछ । अन्तर सरकारी समन्वय र सहजीकरण गर्न गाउँपालिकामा संरचना गठन गरिनेछ । गाउँपालिकासँग सीमाना जोडिएका स्थानीय तहहरुसँग समन्वयात्मक बैठक बसी साझा सरोकारका विषयमा छलफल गरी आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

## कानुन तथा न्याय

११३. मेलमिलापको माध्यमबाट जनतालाई छिटो छरीतो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईने छ । सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना भएका छन ।मेलमिलाप कर्ताकोलागि क्षमता विकास र प्रोत्साहन समेत गर्ने कार्यलाई निरन्तरता  दिईने छ ।

## राजस्व तथा वित्तीय ब्यवस्था

११४.सबै किसिमका पेसा व्यवसायको सञ्चालनको दर्ता, नवीकरण, इजाजत र अनुमति दिने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदातामैत्री बनाइनेछ । गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिका लागि राजश्वका दायराहरुलाई फराकिलो बनाईनेछ साथै आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी कानुन बनाई राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

११५.आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

११६.स्रोत साधनहरुको अधिकतम् परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा  विशेष जोड दिइनेछ । गाउँपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजश्व प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ । समयमै कर तिर्ने करदातालाई दिइदै आएको कर छुटको व्यवस्थालाई निरन्तरता र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। करदातालाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

## तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन

११७. पालिकामा तथ्याङ्क शाखा स्थापना गरिने छ । गाउँपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरिनेछ। संकलित तथ्याङ्कहरुको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिनेछ । योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसँग आवद्ध गरिनेछ ।

**अन्तमा,**

**सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग पूऱ्याउने राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपाध्यक्षज्यू,गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु,राष्टसेवक

कर्मचारिहरु तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति तथा अन्य विषयगत समितिहरुमा भएका छलफलका क्रममा उक्त समितिका सबै सदस्यहरुले दिनु भएका सुझावहरु आर्थिक ऐन तथा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका लागि सहयोगी भएको जानकारी गराउँछु । छलफलको क्रममा आ–आफ्नो तर्फबाट सुझाव दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, कर्मचारिहरु निजी क्षेत्रका संघ संगठनहरु,नागरिक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरु, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**"हाम्रो झिमरुक राम्रो झिमरुक" हामी सवैको चाहना** हो। हामी यस चाहनालाई साकार पार्न गाउँपालिकाभित्रका सम्पूर्ण जनप्रतिनिधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी , सञ्चार जगत ,स्थानीय जन समुदाय, वुद्धिजिवी, समाजसेवी, नागरिक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षाकर्मी , उपभोक्ता समितिहरु, स्वयंसेवक,आमा समूह लगायत झिमरुकको विकास ,प्रगति तथा समृद्धिको लागि निरन्तर चिन्तन मनन गर्ने सम्पूर्ण झिमरुकवासीहरु सबंको सहयोग, सहकार्य र सहभागिता साथै महत्वपूर्ण भूमिकाको अपेक्षा राखेको छु ।

सीमित स्रोत र साधनबाट एकै पटक सबै आवश्यकताहरु पुरा हुन सक्दैनन् तसर्थ वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

**धन्यवाद !**

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष तथा संयोजक
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
झिमरुक गाउँपालिका, प्युठान
मिति २०८२/०३/०७ गते